# मितेरी डेभलपेन्ट बैंक लिमिटेडको
# उन्नाइऔं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ तथा वैकको नियमावली बमोजिम बैंकको उन्नाइऔं वार्षिक साधारण सभा सञ्चाक समितिका अध्यक्ष श्री किसन मास्के ज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहाय बमोजिम विषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :– २०८१। ०९ । २७
समय :– विहान – ११।०० बजे
स्थान :– सुनसरी उधोग वाणिज्य संघ, धरान १, सुनसरी

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ र ७६ को उपदफा १ बमोजिम साथै मितेरी डेभलपमेन्ट वैंक लि. को नियमावलीको नियम ४ बमोजिम संचालक समितिको मिति २०८१ पौष ४ गते बसेको २५१ औं बैठकबाट बैंकको उन्नाइऔं वार्षिक साधारण सभा गर्ने निर्णय गरि सूचना तथा सभामा छलफल हुने विषयहरु सम्वन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै २०८१ पौष ५ गतेको कारोवार राष्ट्रिय दैनिक, मिति २०८१ पौष ८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सभा हुने स्थान, मिति समय र छलफल हुने विषयको सुचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१। संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८०।०८१को वार्षिक प्रतिवेदन उपर छलफल गरि प्रतिवेदन पारित गर्ने ।
२। लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३। कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक श्री किन्जल पोखेल, किन्जल एण्ड एसोशिएट्स , विराटनगर पून लेखापरिक्षणको लागि योग्य हुनुहुन्छ । )
४। संचालक समितिले शिफारीस गरे बमोजिम शेयरधनीलाई बोनस शेयर कर प्रयोजनको लागि चुक्ता पूंजीको ०।५००४ प्रतिशत(दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) नगद लाभाशं रकम रु.५५,६१,७५९।३०(अक्षेरेपी पचपन्न लाख एकसठ्ठी हजार सात सय उनसठ्ठी र पैसा तीस) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१। संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०।०८१को नाफावाट शेयरधनीलाई चुक्ता पूंजीको ९।५०७९ ( दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,५६,७३,४२६।६४( अक्षेरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्बिस र पैसा चौसट्ठी)मात्रप्रदान गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
२। बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु १ लाख भन्दा वढिको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

३। संचालको दैनिक, भत्ता सम्वन्धी व्यवस्था सम्वन्धमा ।
४। ख वर्गको प्रादेशिक स्तरको विकास बैंकको लागी अनुमोदन गरी नेपाल रष्ट्र बैंकबाट स्वीकृत लिने सम्वन्धमा ।
५। कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने :
६। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा वढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७ नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

**५ उपस्थित**

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित संचालकहरु

| | | |
|---|---|---|
| १. | श्री किसन मास्के, | अध्यक्ष |
| २. | श्री गम्भिरमान तण्डुकार | संचालक |
| ३. | श्री मेघराज श्रेष्ठ | संचालक |
| ४. | श्री शम्भु प्रसादश्रेष्ठ | संचालक |
| ५. | श्रीमती वन्दना बैध | संचालक |
| ६. | श्री रमेश दाहाल | संचालक |
| ७. | श्री नेत्र प्रसाद दाहाल | संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थित

| | | |
|---|---|---|
| १ | श्री विशाल श्रेष्ठ | कम्पनी सचिव |

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या ४२

२. प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या ९६

३. जम्मा उपस्थित संख्या : १३८

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | २१,०९८ | १३८ | ६२,९५,९०१ |
| समूह "क" अर्न्तगत | १३४ | १०२ | ५२,४१,३३४ |
| सर्वसाधारण समूह "ख" समूह | २०,९६४ | ३६ | १०,५४,५६७ |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ११,११४,२६५/७३ | ६२,९५,९०१ | ५६/६९ |

## ७. सभाको बैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार सभाको गणपूरक संख्या बाँडफाँड कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान वमोजिम बैंकको उन्नाइऔं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तीकामा हाजिरी जनाउने शेयरधनीको संख्या १३८ भएको र कुल शेयरको संख्या ५६/६९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानीक भएको जानकारी गराउनु भयो ।

७.२ वैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिनको ११:३० वजे अध्यक्ष श्री किसन मास्केको अध्यक्षतामा वैंकको उन्नाइऔं वार्षिक सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पुर्व उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गनुभयो र उपस्थित संचालककहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

७.४ सभामा स्वागत मन्तव्य संचालक श्री गम्भीरमान तण्डुकारले राख्नुभएको थियो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचि अनुसार आ.वं. २०८०।०८१ को संचालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको रु ८ अर्ब १० करोड ७७ लाख ६० हजार ८०९ रुपैया सम्पत्ति तथा दायित्व भएको वासलात, रु १४ करोड ४९ लाख ५० हजार ९४० रुपैया खूद नाफा भएको नाफा नोक्सान हिसाव र अन्तिम वैंक तथा नगद मौज्दात रु रु ९७ करोड १५ लाख २८ हजार ५२८ रुपैया भएको नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१।०८२ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्नको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०।०८१ को नाफाबाट कर प्रयोजनको लागि चुक्ता पूँजीको ०।५००४ प्रतिशत(दशमलब पछि चार अंकमा शुन्यान्तर गरिएको) नगद लाभाशं रकम रु.५५,६१,७५९।३०(अक्षेरेपी पचपन्न लाख एकसट्ठी हजार सात सय उनसट्ठी र पैसा तीस) मात्र दिने प्रस्ताव स्विकृत गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०।०८१ को नाफाबाट शेयरधनीलाई चुक्ता पूँजीको ९।५०७९ (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,५६,७३,४२६।६४(अक्षेरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्विस र पैसा चौसट्ठी) मात्र प्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने विशेष प्रस्ताव सभा सभक्ष प्रस्तुत गर्नु भयो ।

६. वैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु १ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

७. संचालकको दैनिक, भत्ता सम्वन्धी व्यवस्था सम्वन्धी विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८. "ख" वर्गको प्रादेशिक स्तरको विकास वैंकको लागी अनुमोदन गरी नेपाल रष्ट्र वैंकवाट स्वीकृत लिने सम्वन्धी विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

| दफा /नियमावली | हाल भैरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा २ (२) | यस वित्तीय संस्थाको कार्य क्षेत्र सुनसरी, मोरङ्ग, झापा, धनकुटा र उदयपुर जिल्ला भित्र हुने छ । | यस वित्तीय संस्थाको कार्य क्षेत्र कोशी प्रदेश भित्र हुने छ । | कार्य क्षेत्र विस्तारको लागि । |
| प्रवन्धपत्रको दफा ५ (ख) | यस वित्तीय संस्थाको जारी पूँजी रु १,११,१४,२६,५७३।३६(अक्षेरेपि एक अर्व एघार करोड चौध लाख छब्बिस हजार पाँच सय त्रिहत्तर र पैसा छत्तिस ) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले १,११,१४,२६५।७३३६ (एक करोड एघार लाख चौध हजार दुई | यस वित्तीय संस्थाको जारी पूँजी रु १,२१,७१,००,०००।(अक्षेरेपि एक अर्व एक्काइस करोड एकहत्तर लाख) मात्र हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- का दरले १,२१,७१,०००। (एक करोड एक्काइस लाख एकहत्तर हजार) थान साधारण शेयरमा | बोनस शेयर जारी गरि जारी पूँजी वृद्धि गर्न । |

| | | | |
|---|---|---|---|
| | सय पैसट्ठी दशमलव सात तिन तिन छ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | विभाजन गरिएको छ। | |
| प्रवन्धपत्रको दफा ५ (ग) | यस वित्तीय संस्थाको चुक्ता पूँजी रु १,११,१४,२६,५७३।३६(अक्षेरेपि एक अर्व एघार करोड चौध लाख छब्बिस हजार पाँच सय त्रिहत्तर र पैसा छत्तिस) मात्र हुनेछ। | यस वित्तीय संस्थाको चुक्ता पूँजी रु १,२१,७१,००,०००। (अक्षेरेपि एक अर्व एक्काइस करोड एकहत्तर लाख) मात्र हुनेछ | बोनस शेयर जारी गरि चुक्ता पूँजी वृद्धि गर्न। |
| नियमावलीको नियम २९ (१) (च) | नभएको | अध्यक्ष तथा संचालक बैठकको लागि आउनु जानु पर्दा आउन जानलागेको विल बमोजिमको वास्तविक खर्च तथा राती बास बस्नु पर्ने अवस्थामा प्रतिदिन दैनिक भ्रमण भत्ता रु ३५००। र थप रु ३५००। प्रदान गरिने छ। | वित्तीय संस्थाको बैठकको सिलसिलामा लागेको खर्चको सोधभर्ना गर्न। |

१०. मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा वढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि वढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

११. नियमनकारी निकायले दिएको निर्देशन वमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१. बैंकको आ.व. २०८०।०८१ को संचालक समितिको प्रतिवेदन, २०८१ असाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०।०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्वन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपमले सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो।

Miteri Development Bank Ltd. Head Office Charan, Nepal

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

- राजेश अग्रवाल
- बिमल उदाश

शेयरधनी राजेश अग्रवालले सामाजिक उत्तरदायित्व अन्तर्गत हुने खर्च र बैंकले बिभिन्न सामाजिक उत्तरदायित्व अन्तर्गतका क्षेत्रमा गरेका खर्चका सम्बन्धमा जिज्ञाशा राख्नुभयो ।

त्यसै गरी शेयरधनी बिमल उदाशले बैंकको समग्र पक्षबारे बिश्लेषण गर्नुहुदै समग्र सुचकाङ्क सकारात्मक रहेको, साथै उहाँले बिगतमा यस बैंकले प्रदान गरेको लाभाँश उत्कृष्ट रहेका र आगामी दिनमा पनि उत्कृष्टताको अपेक्षा व्यक्त गर्नुभयो । बर्तमान परिस्थितीमा कमै मात्र बैंक तथा वित्तिय संस्थाहरुले लाभाँश प्रदान गरेकोमा यस बैंकले लाभाँश प्रदान गरेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले मितेरी बैंक अन्य प्रतिस्पर्धी बैंक तथा वित्तिय संस्थाको समग्र सुचकाङ्कको तुलनामा राम्रो रहेको मन्तव्य राख्दै आगामी दिनमा पनि अझ राम्रो गर्नुपर्ने धारणा राख्नुभयो । नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको निति नियम, निर्देशिकाको परिधिभित्र रहेर व्यवसाय गरेको र परिणाम स्वरुप बैंक पनि समग्रमा सवल रहेको धारणा व्यक्त गर्नुभयो ।

९.३ छलफलमा सहभागी शेयरधनी महानुभावहरुले समसामयिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्यहरुमा संस्थाको संचालक समितिका अध्यक्षले धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि शेयरधनी महानुभावहरुबाट रचनात्मक सुझाव, सल्लाह, सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

९.४ सभामा शेयरधनीहरुले प्रकट गर्नुभएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ

सभामा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री किसन मास्के एवं वरिष्ठ प्रवन्धक विशाल श्रेष्ठले दिनु भयो । नेपाल राष्ट्र बैंकले सेवा शुल्क, नविकरण शुल्क, अग्रिम भुक्तानी शुल्क लगायतमा कडाई गरेकोले अन्य आम्दनीमा निरन्तर ह्रास आएको जानकारी गराईयो ।

१०. सभाको निर्णय

(क) साधारण प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.ब. २०८०।०८१को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

सभामा प्रस्तुत आ.व. २०८०।०८१को संचालक समितिको प्रतिवेदन सभापति ज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।

लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

३। कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक श्री किन्जल पोखेल, किन्जल एण्ड एसोशिएट्स , विराटनगर पून लेखापरिक्षणको लागि योग्य हुनुहुन्छ । )

कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा गत वर्षको लेखा परिक्षण गर्ने लेखापरिक्षक श्री किन्जल पोखेल, किन्जल एण्ड एसोशिएट्स, विराटनगरलाई आर्थिक वर्ष २०८१।०८२ को अन्तिम लेखा परिक्षण, कर लेखा परिक्षण, लङ्फम अडिट, धितोपत्र वोर्डको प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ वमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय लगायतमा पेश गर्नुपर्ने प्रतिवेदन तयार गरे वापत रु रु ३ लाख शुल्क र यातायत लगायतका खर्च रु २ लाख सम्म सोधभर्ना वापतको खर्च (मुल्य अभिबृद्धि कर वाहेक) प्रदान गर्ने गरि नियुक्ति गर्ने प्रस्तावलाई स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो । साथै आर्थिक वर्ष २०८०।०८१ को लागि लेखा परिक्षण गर्ने लेखापरिक्षक श्री किन्जल पोखेल, किन्जल एण्ड एसोशिएट्स, विराटनगरलाई रु २ लाख शुल्क र यातायत लगायत खर्च रु १ लाख सोधभर्ना वापतको खर्चमा मुल्य अभिवृद्धि सहित प्रदान गर्ने गरि १८औं साधारण सभावाट नियुक्ति गरेकोमा निजबाट मिति २०८० फाल्गुण ३ गते नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्थावाट निर्धारीत लेखा परिक्षण शुल्क भन्दा कम नहुने गरि आर्थत रु ५ लाख करवाहेक लेखापरिक्षण शुल्क कायम गरि नियुक्ति गरिदिनु भन्ने व्यहोराको पत्र प्राप्त भएकोले निजको मागको व्यहोरा अनुसार २०८० फाल्गुण २८ गतेको संचालक समितिको २३९ औं बैठकले आगामि साधारण सभामा पेश गर्ने निर्णय गरेको हुँदा सोही अनुसार साधारण सभामा अध्यक्ष ज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित लेखापरिक्षण खर्च सर्वसम्मतिवाट पारित नगर्ने निर्णय गऱ्यो ।

४। संचालक समितिले शिफारीस गरे बमोजिम शेयरधनीलाई बोनस शेयर कर प्रयोजनको लागि चुक्ता पूँजीको ०।५००४ प्रतिशत (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) नगद लाभाशं रकम रु.५५,६१,७५९।३०(अक्षेरेपी पचपन्न लाख एकसट्ठी हजार सात सय उनसट्ठी र पैसा तीस) मात्र दिने प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०।०८१ को नाफावाट कर प्रयोजनको लागि चुक्ता पूँजीको ०।५००४ प्रतिशत (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) नगद लाभाशं रकम रु.५५,६१,७५९।३०(अक्षेरेपी पचपन्न लाख एकसट्ठी हजार सात सय उनसट्ठी र पैसा तीस) मात्र दिने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**ख) विशेष प्रस्तावहरु :**

१। संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०८०।०८१को नाफावाट शेयरधनीलाई चुक्ता पूँजिको ९।५०७९ (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,५६,७३,४२६।६४(अक्षेरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्विस र पैसा चौसट्ठी)मात्रप्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०।०८१को नाफावाट शेयरधनीलाई चुक्ता पूँजीको ९।५०७९ (दशमलव पछि चार अंकमा शुन्यान्तर गरिएको) प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.१०,५६,७३,४२६।६४(अक्षेरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्विस र पैसा चौसट्ठी)मात्र प्रदान गर्ने विशेष प्रस्ताव स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

२। बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु.१ लाख भन्दा वढिको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु १ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने विशेष प्रस्ताव स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

३। संचालकको दैनिक, भत्ता सम्वन्धी व्यवस्था सम्वन्धमा ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम संचालक समितिको बैठकमा उपस्थीत भएवापत अध्यक्ष तथा संचालक बैठकको लागि आउनु जानु पर्दा आउन जानलागेको विल बमोजिमको वास्तविक खर्च तथा राती वास बस्नु पर्ने अवस्थामा दैनिक भ्रमण भत्ता प्रतिदिन रु ३५००। र थप रु ३५००। प्रदान गरिने विशेष प्रस्ताव स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

४। ख वर्गको प्रादेशिक स्तरको विकास बैंकको लागी अनुमोदन गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिने सम्वन्धमा ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु १,११,१४,२६,५७३।३६(अक्षेरेपि एक अर्व एघार करोड चौध लाख छब्विस हजार पाँच सय त्रिहत्तर र पैसा छत्तिस)मा यो वर्षको प्रस्तावित बोनश शेयर रु.१०,५६,७३,४२६।६४(अक्षेरेपी दश करोड छपन्न लाख त्रिहत्तर हजार चार सय छब्विस र पैसा चौसट्ठी)थप गर्दा हुने जम्मा संस्थाको चुक्ता पूंजी रु १,२१,७१,००,०००।(अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाख मात्र) भएको हुँदा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशन, २०८० को निर्देशन नं. २१ (४) मा "ख" वर्गको प्रादेशिक स्तरको विकास बैंकको न्यूनतम चुक्त पूँजी रु १ अर्व २० करोड हुनु पेर्ने व्यवस्था रहेकोमा सो चुक्ता पूँजी आ.व.२०८०।०८१ को प्रस्तावित वोनस् साधारण सभाबाट स्वीकृत भए पश्चात पुग्ने भएको हुँदा प्रादेशीक स्तरको विकास बैंक वनाई नेपाल रष्ट्र बैंकबाट स्वीकृत लिई बैंकको कार्य क्षेत्र विस्तार गर्ने विशेष प्रस्ताब स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५। कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने :

कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने विशेष प्रस्ताव स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

| दफा /नियमावली | हाल भैरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा २ (२) | यस वित्तीय संस्थाको कार्य क्षेत्र सुनसरी, मोरङ्ग, झापा, धनकुटा र उदयपुर जिल्ला भित्र हुने छ । | यस वित्तीय संस्थाको कार्य क्षेत्र कोशी प्रदेश भित्र हुने छ । | कार्य क्षेत्र विस्तारको लागि । |
| प्रवन्धपत्रको दफा ५ (ख) | यस वित्तीय संस्थाको जारी पूंजी रु १,११,१४,२६,५७३।३६(अक्षेरेपि एक अर्व एघार करोड चौध लाख छब्विस हजार पाँच सय त्रिहत्तर र पैसा छत्तिस ) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले १,११,१४,२६५।७३३६ (एक करोड एघार लाख चौध हजार दुई सय पैसट्ठी दशमलव सात तिन | यस वित्तीय संस्थाको जारी पूँजी रु १,२१,७१,००,०००।( अक्षेरेपि एक अर्व एक्काइस करोड एकहत्तर लाख) मात्र हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- का दरले १,२१,७१,०००। (एक करोड एक्काइस लाख एकहत्तर हजार )थान साधारण शेयरमा | वोनस शेयर जारी गरि जारी पूँजी वृद्धि गर्न । |

| | | | |
|---|---|---|---|
| | तिन छ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विभाजन गरिएको छ । | |
| प्रवन्धपत्रको दफा ५ (ग) | यस वित्तीय संस्थाको चुक्ता पूँजी रु १,११,१४,२६,५७३।३६(अक्षेरेपि एक अर्व एघार करोड चौध लाख छब्विस हजार पाँच सय त्रिहत्तर र पैसा छत्तिस) मात्र हुनेछ । | यस वित्तीय संस्थाको चुक्ता पूँजी रु १,२१,७१,००,०००।( अक्षेरेपि एक अर्ब एक्काइस करोड एकहत्तर लाख) मात्र हुनेछ | बोनस शेयर जारी गरि चुक्ता पूँजी वृद्धि गर्न । |
| नियमावलीको नियम २९ (१) (च) | नभएको | अध्यक्ष तथा संचालक बैठकको लागि आउनु जानु पर्दा आउन जानलागेको विल बमोजिमको वास्तविक खर्च तथा राती बास बस्नु पर्ने अवस्थामा दैनिक भ्रमण भत्ता रु ३५००। र थप रु ३५००। प्रदान गरिने छ । | वित्तिय संस्थाको बैठकको सिलसिलामा लागेको खर्चको सोधभर्ना गर्न । |

६। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७ नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

**ग) विविध :**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम संचालक श्री शम्भु प्रसाद श्रेष्ठ तथा कम्पनी सचिव विशाल श्रेष्ठले प्रमाणित गर्ने व्यहोरा साधारण सभालाई जानकारी गराईयो ।

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि संचालक श्री शम्भु प्रसाद श्रेष्ठ ज्यूले सम्पूर्ण शेयरधनी, वरिष्ठ प्रवन्धक, लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्नु भयो । अन्तमा अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुबाट सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा उन्नाइऔं साधारण सभा सफलतापूर्वक संचालक एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै दिनको १:०० बजे सभा विसर्जन गर्नुभयो ।

विशाल श्रेष्ठ
कम्पनी सचिव

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

शम्भु प्रसाद श्रेष्ठ
सदस्य, संचालक समिति